
# भूमिगतकालीन अनुभव र अनुभूति



देवेन्द्र घिमिरे
पूर्व सचिव, केन्द्रीय अनुशासन आयोग

भूमिगत शब्द एकार्थी शब्द होइन। यसलाई जमिनभित्रको मानव निर्मित संरचना र प्राकृतिक गतिविधि बुझाउन प्रयोग गरिन्छ। जस्तो भूमिगत सिँचाइ आयोजना, भूमिगत शस्त्रागार आदि। त्यस्तै भूमिको सतहमा बसेका मानव बस्तीका भुइँभित्र हुने प्राकृतिक गतिविधिको पनि चर्चा हुन्छ।

गोप्य रूपमा मुक्तिको पक्षमा सङ्गठित भएर सङ्घर्ष गर्दा बलिया बैरीलाई जित्न सकिने विचारमा गोलबन्द गर्ने कामलाई नेपालमा भूमिगत काम भनिएको हो।

तर यहाँ चर्चा गर्न खोजिएको 'भूमिगत' शब्दले बेग्लै भाव बोक्छ। सत्ताधारी बैरीहरूले नचिनुन्, समाउन नसकुन् भनेर गोप्य ढङ्गले सङ्गठित गर्न थालियो। राजनीतिक पार्टीका सदस्य र नागरिकलाई खुला रूपमा बोल्न छुट नभएकाले बैरीले नचिन्ने ढङ्गले मानवबस्तीका आफ्ना हितैषी समर्थकका घरहरूलाई आश्रय बनाउन थालियो। उनीहरूले आफ्ना लक्ष्य, उद्देश्य, नीतिहरू भित्रभित्रै सशक्त ढङ्गले प्रशिक्षित–दीक्षित गराई आफ्ना मागहरू मनाउन शासकहरूलाई दबाब दिन्थे। भौतिक परिवेश र आत्मगत शक्तिको मूल्याङ्कनका आधारमा राष्ट्रिय सवालमा ऐक्यबद्धता जाहेर गर्थे। यसै क्रममा भूमिगत राजनीतिक गतिविधि सुरु भएका हुन्।

नेपालमा नागरिक र राजनैतिक हक बहालीको इतिहास हेर्न वि.सं. १९९७ तिर फर्कनु पर्छ। देशका सर्वमान्य सहिदहरूका चाहना, अडान र त्यागलाई मनन गर्नुपर्छ। तिनताका प्रजापरिषद्ले गोप्य पर्चाबाजी थालेको थियो। त्यसपछि जेलमा थुनिएका गणेशमान सिंह, एकदेव आलेहरूले बैरीलाई छलेर भूमिगत रूपमा आ–आफ्ना केन्द्रको खोज गरेको कुराबाट त हामी परिचितै छौँ।

बैरीले नागरिक अधिकार कुल्चेको बेला, उसले चर्को निगरानी गरिरहेको बेला, अधिकारको माग गर्नेहरूलाई अराष्ट्रिय तत्त्वको लान्छना लगाउदै पक्डने, जेल हाल्ने, जेल सार्ने निहुँमा सिधै गोली हानी हत्या गर्नेको प्रतिकार गर्न भित्र–भित्रै तैयारी गर्नु परेको हो। भूमिगत भएर काम गर्नु कसैको पनि रहर थिएन। यो त सामाजिक रूपान्तरणमा लाग्ने अभियन्ताको बाध्यता थियो। समग्रमा भूमिगत भनेको बैरीले नेतृत्व, कार्यकर्ता र राखन–धरनको जानकारी नपाओस् र नोक्सान नहोस् भन्ने कुराका लागि अपनाइने कार्यशैली थियो।

## जनआधारित पार्टी निर्माण गर्ने 'तीन स'

नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालले पार्टी निर्माणका लागि 'तीन स' मान्यता अगाडि सार्नुभयो– सिद्धान्त, सङ्गठन र सङ्घर्ष। जुन जिल्ला र अञ्चलमा भूमिगत कार्यप्रणाली अनुसार पार्टी निर्माण गरियो, त्यही कार्यशैलीलाई ठोस रूपमा लागू गरिएको थियो। सामान्यतः मार्क्सवादी सिद्धान्त अनुसार आफ्नो देशको वस्तुस्थितिको ठोस विश्लेषण गर्नु र वर्ग अन्तरविरोधको बोध गराउनु, त्यसरी सचेत भएका तत्त्वलाई विभिन्न पार्टी कमिटीमा सङ्गठित गर्नु अनि जनताका तात्कालिक समस्यालाई लिएर सङ्घर्ष सञ्चालन गर्नु नै 'तीन स' को सिद्धान्तको कार्यशैली हो।

'उपर्युक्त भूमिगत कार्यप्रणाली र कार्यशैली अनुसार भूमिगत तथा पूर्णकालिक पार्टी कार्यकर्ताहरू किसान जनसमुदायका बीच बस्दथे। त्यस किसिमका पार्टी कार्यकर्ताहरूको जनसमुदायको जुन परीवारमा आफ्नो–आफ्नो थलो रहन्थ्यो, उनीहरूले ती परिवारका प्रत्येक सदस्यहरूलाई राजनीतिक रूपले सचेत बनाउने आफ्नो दायित्व सम्झन्थे। त्यो निरन्तर प्रयासबाट भूमिगत पार्टी कार्यकर्ताहरू जनताको आँखाको नानीको रूपमा आफूलाई स्थापित गर्दथे। उनीहरूको अभेद्य किल्ला नै जनसमुदाय बनेका हुन्थे। यसरी जनसमुदाय र भूमिगत तथा पूर्णकालिक पार्टी कार्यकर्ता बीचको सम्बन्ध पानी र माछाको जस्तो पारस्परिक सुमधुर रहन जान्थ्यो। यसरी नै पार्टीलाई किसान जनसमुदायका बीच पुऱ्याउने र स्थापित गर्ने काम भएको थियो।' (कमरेड पुष्पलाल र भूमिगत कार्य प्रणाली– सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे/क. पुष्पलाल स्मृति अङ्क २०५२ पृ. ७३. पुष्पलाल स्मृति प्रतिष्ठान)

## भूमिगत कामका प्रकारहरू

बैरीले चाल नपाउने गरी जनतामा गहिरो सम्बन्ध कायम गर्ने भूमिगत कार्य प्रणालीको विकास गरिएको हामीले चर्चा गऱ्यौँ। यो कार्य प्रणाली स्थिर र जडतामा होइन, गतिशील प्रणालीको रूपमा अघि बढेको थियो। यसले उद्देश्य र लक्ष खुला राखेर

बैरीबाट आफू भूमिगतको पर्दाले छलिन्थ्यो। यसरी शोषित पीडित नागरिकका बीचमा एकाकार भएर मुक्तिको बाटोमा साझेदारीका तीन तरिका नेपालमा प्रयोग भएका थिए।

पहिलो, नाम फेरेर सङ्गठन सङ्घर्षमा लाग्नु– नयाँ ठाउँमा यसरी काम गरेको इतिहासमा उल्लेख पाइन्छ। नेकपाका संस्थापक नरबहादुर कर्माचार्यले विराटनगर रघुपति जुट मिलमा नाम फेरेर स्टोर किपरको जागिरे भएर आन्दोलनको तयारी गरी मनमोहन अधिकारीलाई सघाउनु भएको थियो।

दोस्रो, पूर्णकालिक भूमिगत– पार्टीबाट नेतृत्वको जिम्मा लिएका, बैरीले चिनेर वारेन्ट गरेका या उसले थाहा नपाएका सङ्गठकहरू ती सिद्धान्त र विचारले लैश जनशैलीमा खारिएका नेता कार्यकर्ता हुन्थे। उनीहरूले खास क्षेत्रको जिम्मेवारी बहन गरेका हुन्थे।

तेस्रो, आफ्नै घरको उत्पादनको काममा खुला रहँदै वरिपरिका असल व्यक्ति पहिचान गरी सङ्गठन र प्रशिक्षणमा सामेल गराउने खतरा मोलेर, खुला रहेर भूमिगत काम गर्नेहरू हुन्थे। भैरहवा जेलबाट क्रान्तिकारीलाई बाहिर ल्याउन औजार पुऱ्याउने रूपन्देहीकी चुमकला बन्जाडेहरू यो कोटिका भूमिगतमा पर्छन्।

**अधिकारको लडाइँमा भूमिगत हुने अवस्था**

'लुम्बिनी अञ्चल, भक्तपुर र ललितपुर जिल्लाका क्रान्तिकारीहरूले स्थानीय किसान जनतामा आधारित भूमिगत पार्टी सङ्गठन टिकाउन र सङ्घर्ष अघि बढाउने काम गरिरहेका थिए। .....देशभित्रै भूमिगत कार्यकर्ता परिचालित गरी सङ्गठन निर्माण गर्ने निर्देशक नेकपाका संस्थापक नेता पुष्पलाल हुनुहुन्थ्यो..

'२०२५ सालमा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलालको नेतृत्वमा गोरखपुर कसयाका कम्युनिस्ट वकिल विजयकुमारको घरमा भएको तेस्रो राष्ट्रिय सम्मेलनबाट बनेको केन्द्रले विस्तारित बैठकबाट त्यतिखेरको यथास्थितिलाई तोड्ने ढङ्गका निर्णय लियो र सर्कुलर नं १/३ जारी गऱ्यो। केन्द्रीय सदस्य समेतलाई भूमिगत रही काम गर्न यही सर्कुलरले प्रस्ट भनेको थियो।

ज्यादासे ज्यादा पार्टी कार्यकर्ता किसानबाट नै उठाउने कुरामा ध्यान दिई भूमिगत अवस्थामा रही काम गर्ने पेशेवर क्रान्तिकारी (होलटाइमर) प्रत्येक जिल्ला तथा अञ्चलहरूमा निकाल्ने तर्फ पार्टीको ध्यान जानु अति आवस्यक छ।

'अतः यस सर्कुलरमा उल्लेखित निर्देशनलाई कसरी लागू गर्ने भन्ने कुरामा प्रत्येक समितिले छलफल गरी एक योजना अनुसार यसलाई अविलम्व व्यवहारिक रूप दिनुमा नै क्रान्तिकारी महत्त्व छ। तसर्थ यसलाई ठोस क्रान्तिकारी व्यवहारमा परिवर्तन गर्न पार्टी केन्द्रले दिएको विशेष जोड रहेकोले कम्युनिस्ट क्रान्तिकारीहरू निरङ्कुशतन्त्रको लाख खतराका बाबजुद जनताका घरलाई सेल्टर बनाएर राजनीति गर्दै भूमिगत भएर टिकिरहे। देशका इतिहास निर्मातालाई पढ्न र बुझ्न यसरी सकिन्छ। तर तथ्य विरुद्ध उभिएर जितिरहन सकिँदैन। प्रजातान्त्रिक आन्दोलनको इतिहास भनेको आदरणीय सहिदहरू, न्यायप्रेमी जनता, जेलमा, निर्वासनमा अनि भूमिगत भएर काम गर्ने राजनीतिक कर्मीहरूको जीवन्त इतिहास पनि हो।' (भूमिगत यात्राका २० वर्षहरू: देवेन्द्र घिमिरे पृ.२८/ प्र. गोमादेवी घिमिरे. २०५९)

## भूमिगत काम, आतङ्क र युद्ध फरक कुरा हुन्

प्रथम चरणका सङ्घर्षहरू क्रान्तिकारीहरूले एकल वा सामुहिक ढङ्गले बैरीको जेल वा घेरा तोड्न गरिएका प्रत्युत्पन्न क्षमतामा आधारित रहेका थिए। नेपालमा काठमाडौ, पाल्पा, तनहुँ, प्युठान, भैरहवा आदि ठाउँका जेलमुक्ति बहुसङ्ख्यक नागरिकको सरोकारका लागि गरिएका थिए। जनता बीच भूमिगत रहेर हक बहालीको काम गर्ने उद्देश्यले गरिएका थिए।

संसारभरिका राजदरबारभित्र सत्ता सङ्घर्षमा हुने मारकाट, हत्या र षडयन्त्रबाट नेपालको राजरदरबार पनि अछुतो थिएन। अन्तिम पटक गद्दीनसीन राजा वीरेन्द्र शाहको बंशनाश गरिएको थियो। निजी स्वार्थका लागि गरिने यसखाले षडयन्त्र र हत्या, मारकाट, अपहरण भूमिगत कार्यशैलीको कोटिमा गणना गरिंदैन। यी भनेका औचित्यहीन व्यक्ति हत्या– हिंसाको कोटिमा गनिन्छन्।

## बहुदल कालको भूमिगत अवस्था

नेपालमा २००७ सालको क्रान्तिले स्थापित गरेको बहुदलीय शासक राजा–राणा–काङ्ग्रेसको संयुक्त सरकारले सुरुमै भारतीय सेना नेपाल भित्र डाक्यो र केआई सिंहलाई गिरफ्तार गरेर जेलमा थुन्यो, साथै नेकपालाई प्रतिबन्ध लगाएर भूमिगत हुन बाध्य बनायो। नेकपाले अखिल नेपाल किसान सङ्घको आवरणमा वर्षौं भूमिगत भएर काम गर्न पऱ्यो। पछि प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले प्रतिबन्ध हटाएका थिए।

आफूलाई ईश्वरको अवतार ठान्ने राजा र विदेशी सेना डाकेर विमति राख्ने सहकर्मीलाई दमन गर्ने पुँजीवादी नेपाली काङ्ग्रेसले श्रमजीवी नागरिकका पक्षधर

निष्ठावान कम्युनिस्टहरूलाई सहन गर्नै सकेका थिएनन्। राणाको चङ्गुलबाट उम्केर गद्दी सम्हालेका राजा त आफैँले संविधानसभाबाट नेपालको गणतान्त्रिक संविधान बनाउने प्रतिबद्धताको इमानलाई उल्टाउने कुरामा चलखेल गरिरहेका थिए।

## निरङ्कुश पञ्चायती कालमा भूमिगत

२००७ सालको सम्झौता लत्याउँदै राजाबाट जननिर्वाचित सरकारलाई २०१७ सालमा बर्खास्त र पार्टीहरूमाथि प्रतिबन्ध लगाएसँगै हत्या, जेल र निर्वासनको सामना गर्ने कि निरङ्कुश शासकसामु आत्मसमर्पण गर्ने कगारमा उभिन पुग्यो देश। यस्तो परिस्थितिमा गणतन्त्र पक्षधर नेकपा र यसका संस्थापक नेता पुष्पलालबाट किसानका घर–घरमा सेल्टर निर्माण गरी सिद्धान्त, सङ्गठन र सङ्घर्षमा केन्द्रित गरिएको थियो। यस कामले २०१७ देखि २०४६ सालको जनआन्दोलनसम्म निरन्तरता पायो। हामी निरन्तर एउटा सेल्टरबाट अर्को सेल्टर बनाउने र सर्ने गर्थ्यौं। विरोधीलाई थाहै नदिई राती पुग्ने अनि राती नै नयाँ ठाउँमा पुग्थ्यौँ। गरिब किसानका झोपडी, गाई बाख्राका खोरसँगै रात बिताउन हामीलाई अप्ठेरो लागेन। झ्याल बिनाको थारुबस्तीका पुराना घरका भेन्टीबाट छिरेको उज्यालोलाई सेतो कागजमा परावर्तन गराएर पढ्ने, पत्राचार गरेर सङ्गठन विस्तार गरिन्थ्यो। भित्रभित्रै चिठीपत्र आदानप्रदन हुन्थे। आश्रय दिने र लिनेको उच्च मनोबल रहन्थ्यो। हामी बलिया हुँदा गाउँका गाउँ सङ्गठित हुने, त्यहाँ अलि खुला बस्ने खुकुलो परिवेश बन्थ्यो। पार्टी शसक्त हुने क्रममा जनपक्षीय उम्मेदवार उठाउने जिताउने काम भयो। पार्टी नीति अनुसार जनमतसङ्ग्रहपछि प्रतिबन्धित कम्युनिस्ट पार्टीका नाममा वक्तव्य निकाले पनि मूलधारको नेतृत्व र पार्टी पङ्क्ति२०४६ चैत २६ सम्म भूमिगत थियो।

## २० वर्ष भूमिगतकालका मेरा अनुभव

पुष्पलाल र तुल्सीलालहरू ‘हाम्रो मूलबाटो’ र ‘कुन बाटो’को विवाद गरिरहँदा हामी रूपन्देहीमा नयाँ पुराना साथीहरू बटुलेर युवा कम्युनिस्ट सेल बनाउँदै अघि बढिरहेका थियौँ। मेरा तीनथरी भूगोलका अवस्था रहे। चितवनदेखि कन्चनपुरसम्मका घनिभूत र प्रचारात्मक समेत सोह्र जिल्ला रहे– पहिलो– गृहजिल्लाको प्रारम्भिक अवस्था, दोस्रो– गृहअञ्चलका जिल्लाको अवस्था र तेस्रो– बाह्य अञ्चलका जिल्लाको अवस्था।

२०२४ सालमा देवेन्द्र घिमिरे सचिव रहेको जीवराज आश्रित, मोहन ज्ञवाली, थम्मनबहादुर हमाल, बाबुराम अर्याल, तारेन्द्र मान्डव्य, तीर्थमुनी बज्राचार्य, डा. रमेश श्रेष्ठ, दुर्गा जेजी, गोविन्दबहादुर थापा र विजय शेरचन समेतको ११ सदस्यीय जिल्ला

सङ्गठन कमिटी गठन गरी रूपन्देही प्रतिनिधि भएर म गोप्य रूपमा २०२५ जेठ २ गते गोरखपुरको कसयामा भएको ऐतिहासिक तेस्रो सम्मेलनमा पुगेका थिएँ। रूपन्देहीमा आन्दोलन उठ्नथाले पछि पार्टी निर्णयले २०२६ फागुनमा पूर्णकालीन भूमिगत पसेँ, नाम ठेगाना फेरियो। म सुगम, भुवन, शङ्कर, सुमन, टीएमजी, तामाङ, सलीम, कपिलबन्धु, धीरज, सुधीर आदि नामले चिनिन थालेँ। चिठीपत्र र आपसमा बोलिचालीमा उपरोक्त नामहरू प्रयोग भइरहे।

पहिलो महिना चिनेजानैकै ठाउँ शङ्करनगरमा नदेखिने अभ्यास सजिलो थिएन। साथीहरूले घरमा त लैजानु हुन्थ्यो, तर परिवारजनको प्रतिक्रियाले आत्तिएर त्यसैबेला अन्त सार्न समेत पर्थ्यो। कुरा बुझाउन र बानी पार्न चुनौती थियो हामीलाई। यसमा १५ बिघाका चन्द्रबहादुर गुरुङ, चित्र काजी, बिसुनपुरका लक्ष्मण क्षेत्री, सालघारीका टङ्क ढकाल, चन्द्रकोटे, तपाहाका खिमलाल गिरी, शङ्करनगरका चूरामणि खरेल, बलराम खरेल, पहुनीका फौदार थारु, होमनाथ ढकाल, नयाँगाउँका बिरकट्टा मगर, शर्माजी, बुटवलकी मनमाया थकाली, चन्द्रबहादुर विक, प्रेमनगरका नाथु कुम्हाल, टीकानिधि गौतम, देवीनगरका लीलबहादुर विक, दश नं. का धर्मराज पाठकहरू रूपन्देहीमा भूमिगत तथा पूर्णकालीन प्रणालीको जग बसाल्ने आश्रयका आधार थिए। त्यसपछि रूपन्देहीमा सयौँ आश्रयदाता थपिन थालेका हुन्।

सरकारले रूपन्देहीमा २०२७ वैशाख ६ गते चोकबहादुर गुरुङको गोली हानी हत्या गर्‍यो भने कपिलवस्तुका भवेश्वर शर्मा र नवलपरासीका दुर्गादत्त घिमिरेलाई चर्को यातना दिएर जेलमै ज्यान लियो। पञ्चायतले यसरी हामीलाई आतङ्कित बनाउने प्रयास गरेको थियो। त्यस्तो प्रतिकूल बेलामा पनि पृथ्वी शेरचन, पीबी मल्ल, शक्ति लम्साल, तीरथ हरिजन, श्यामसिंह प्रधान, विदेशी थारु, गया चौधरी, चन्द्रध्वज श्रेष्ठ, मुन्नीलाल शाक्य, नारायणमान सैंजु, सरस्वती शेरचन, लक्ष्मीनारायण पाण्डे चन्द्रमान शाक्य, पशुपति गौतम लगायत धेरै कमरेडहरू आस्था जोगाएर सुरक्षित रही सम्पर्कमा रहनुभयो।

लुम्बिनी अञ्चल व्युरोले मलाई २०२८ सालमा कमिटीमा तान्यो। केही समय अर्घाखाँचीमा काम सम्हालेँ। मोहनलाल आचार्य, गुणनिधि भुसाल, देवराज भार, नेत्र पन्थी, मोहनीराम घिमिरे, पुनाराम घिमिरेहरू सम्पर्कमा थिए। करेचुलीको बाटो हिँड्दा हामी त्यहाँ बस्थ्यौँ। पछि इन्चार्जको रूपमा गुल्मीको पार्टी काममा लागेँ। २०२९ सालमा वाराणसीमा सम्पन्न चौथो केन्द्रीय सम्मेलनमा लुम्बिनी अञ्चलबाट सहभागी

भएँ। त्यही साल नेकपा लुम्बिनी अञ्चल व्युरोको मुखपत्र 'नयाँ राँको' रूपन्देही र गुल्मीबाट संयोजन गरेको थिएँ।

अञ्चल सचिव एकदेव ज्ञवाली उपचारका लागि बनारस रहँदा २०२९ मा व्युरोको कार्यवाहक सचिव रहेँ। त्यतिबेलै जीवराज आश्रित पूर्णकालीन भई भूमिगत जानुभएको थियो। गुल्मीमा सिद्धिनाथ ज्ञवाली सचिव रहेको कमिटीमा हरिप्रसाद ज्ञवाली, कमलराज श्रेष्ठ, नीलकन्ठ गौतम, बेगप्रसाद पुरी, प्रेमचन्द्र भुसालहरू नेतृत्वमा थिए। २०२९ देखि वैकल्पिक केन्द्रीय सदस्य रूपलाल विश्वकर्मा भूमिगत पार्टी सञ्चालनको व्यवहारिक सहयोग माग्न २०३० मा गुल्मी अएका थिए। उनलाई जिल्लाको बैठकपछि चितवनमा पटिहानी, शुक्रनगर, माडी लगायतका इलाकाहरूमा दीर्घकालीन सङ्घर्षमा पार्टीलाई टिकाएर कार्यक्रम सञ्चालन गर्ने, किसान बीच पार्टीलाई लैजाने, भूमिगत सेल्टरहरू निर्माण गर्ने, पार्टी सामग्री सुरक्षित गर्ने, सञ्चारको सन्जाल तयार गर्ने आदि विषयमा व्यापक छलफल गर्ने एउटा अभियानै चलायौँ। एक महिना उनीसँगै रहेर म गुल्मी फर्केको थिएँ। दोस्रो पटक रूपलाललाई पुष्पलालको पत्र लिएर पुराना चिनेका सेल्टरहरूमा खोजेँ। थमबहादुर पुन भन्ने साथीसँग भेटेँ। उनले रूपलाल अर्कै पार्टीमा लागेकाले भेट्न नचाहेको बताएका थिए। पुष्पलालका वैकल्पिक केन्द्रीय सदस्य रूपलाल विश्वकर्मा भित्रभित्रै सर्वहारा श्रमिक सङ्गठनमा आबद्ध भएका रहेछन्।

गुल्मीमा रहँदा सयौँ कमरेडहरूले आश्रय दिएर पार्टीलाई बनाउने र बचाउने काम गरेका छन्। लामो समयसम्म कार्यरत नरहे पनि पाल्पा नजिकको छिमेकी र आवाजाहीको नाका रहेको थियो। अञ्चल व्युरोमा रहँदा पाल्पाका बैठकहरूमा बाक्लो सहभागिता। पाल्पा २०१५ सालमा कम्युनिस्ट पार्टीका संसद र जनमतसङ्ग्रहमा बहुदलले जित्ने गौरव हासिल गरेको जिल्ला हो। त्यहाँ पार्टीलाइ सहयोग गर्ने सयौँ सेल्टरदाता कमरेडहरूको सूची बनाउन सकिन्छ।

केशरमणि पोखरेलका कारण २०३० साल कार्तिक २६ को किसान आन्दोलन लुम्बिनीका सबै सदरमुकाममा एकनास प्रभावकारी सकेन। उनले आफूलाई मनी एक्सनमा केन्द्रित गरे, सङ्गठनमा जासुस घुसाए अनि जेल परेपछि आत्मसमर्पणको बाटो रोजे। उनीसँगैका साथीहरूले बर्रे काण्डको लामो जेल भोगे। त्यस पछि तीब्र दमन सुरु भयो। हामी पार्टी सङ्गठन जोगाउने काममा लाग्यौँ।

२०३१ सालमा लुम्बिनी अञ्चलमा देवेन्द्र घिमिरे, रामप्रसाद प्रदीप, लेखनाथ ज्ञवाली, लालसिं र शेरसिं रहेको सांस्कृतिक मोर्चा गठन भयो। केशरमणिले रस्तिबस्ती हटक गरी मलाई बनारसतिर विदा गरेको २०३१ पछिको समयलाई पार्टी कामसँगै 'थारुः

आदिवासी नेपाली' नामक पुस्तक लेखनको रचनात्मक कार्यमा लगाएँ। केशरमणिको गिरफ्तारी पछि पुष्पलालको उपस्थितिमा बनारसमा बसेको लुम्बिनी अञ्चल कमिटी बैठकबाट पुनः कमिटीमा समावेश भएको हुँ।

२०३२ देखि भने पुष्पलालसँग हाम्रा मतभेद बढ्दै गए। पुष्पलालसँग रुसलाई हेर्ने दृष्टिकोण, नेपाली काङ्ग्रेस सम्बन्धी नेकपाको विश्लेषण, अन्य कम्युनिस्ट घटकहरूसँगको एकीकरण अभियान तथा सङ्घर्षका नीतिबारे मतभेद थिए। २०३३ असार १५ मा हामी जीवराज आश्रित, मोदनाथ प्रश्रित, मदन भण्डारी, देवेन्द्र घिमिरे, सिद्धिनाथ ज्ञवाली, वामदेव गौतम, शान्ता मानवी, भीमनारायण थारु, धर्मबहादुर खत्री, भक्तबहादुर केसी, महेन्द्र थारु, तुलसी चौधरी, गणेश पोखरेल, झ्याउल लोध लगायतका साथीहरू पुष्पलालबाट अलग भएको 'मुक्तिमोर्चा' पत्रिकाबाट घोषणा गऱ्यौँ। बृहद् एकताका पक्षधर हामीलाई झापालीहरूले 'मुक्तिमोर्चा समूह' नामाकरण गरेका हुन्।

२०३४ साल भदौमा को–अर्डिनेसन प्रतिनिधिले मलाई पनि लुम्बिनी अञ्चल सदस्यको पदीय दायित्वबाट झारेर फेरि पार्टी सदस्यताको शपथ ग्रहण गराएका थिए। त्यति मात्रै होइन संशोधनवादीको आरोप लगाई पुष्पकालीन दस्तावेज जलाउने घृणित काम गरेका थिए। पार्टी एकीकरणपछि हामीलाई छिन्नभिन्न नै पारियो। यसरी उग्रवादलाई झेल्दै एकीकृत पार्टी निर्माणमा निष्ठाकासाथ खटेका थियौँ हामी। २०३४ सालदेखि २०३७ साल कार्तिकसम्म दोस्रो पटक गुल्मीमा इकाइदेखि लुम्बिनी अञ्चल कमिटीसम्म पुगेँ।

२०३७ साल मङ्सिरमा पार्टी केन्द्रले मलाई सुदूरपश्चिम खटायो। पूर्व सचिव मुकेश चालिसे आफ्नो घर पाटन फर्कँदै थिए। २०३७ पुष १४ गते देवेन्द्र घिमिरे सचिव, गोविन्द कोइराला र रोमबहादुर घर्ती सदस्य रहेको नेकपा (माले) बर्दिया जिल्ला कमिटी गठन भयो। यसले किसान, महिला, विद्यार्थीमा सङ्गठन विस्तार गऱ्यो। कृष्णप्रसाद अधिकारी, देव रानाहरू पार्टीमा सक्रिय थिए। वीपी लामिछानेसँग सम्पर्क भएको थियो सौराहामा। मँगरागडीमा आचार्य परिवार पार्टीको विश्वस्त आश्रय थियो। बर्दियालाई आधार मानेर धनगढी र महेन्द्रनगरसम्म पार्टी सङ्गठन बढाउन सुरु गरेँ। दिनेश सुवेदी, अर्जुन र कृष्ण भुसाल, रामकुमार ज्ञवालीहरू सम्पर्क माध्यम थिए। बर्दिया छँदा २०३८ मा 'नेपाली महिला आन्दोलन र मुक्ति', नामक पुस्तिका प्रकाशन गरेँ। यहींबाट सुर्खेतको सङ्गठनमा पनि पुग्थेँ म। बालाराम शर्मा, लिलाधर गौतम, भीमा गौतम, देवेन्द्र बिसी, जीवन राई लगायतका साथीहरू सुर्खेतका आधार थिए। यता राप्तीका सल्यान, रोल्पासम्म नेत्रलाल पौडेलसँगै म र फर्सराम देवकोटा पुगेर प्रशिक्षण चलायौँ।

रोल्पाका सर्रेचौरका सेल्टरमा पुगेर होलेरीका कविराम डिसी, जुद्धबहादुर चन्दहरूसँग पाटीका कुरा राखेर फर्केका थियौ ।

यसै दौरान, २०३८ असाढ १६ गते टीकाराम रेग्मीका बगैँचामा नेत्रलाल पौडेल सचिव, उपसचिव देवेन्द्र घिमिरे, सदस्य रोमहर्ष धिताल र जीवन मगर रहेको सुदूरपश्चिम क्षेत्रीय कमिटी गठन गरियो । पछि गोविन्द कोइरालालाई थपियो । जीवन मगर हामीले नचिनेका सीपी मैनालीका खास मानिस थिए। यिनलाई रोल्पापछि कैलालीमा काम लगाइएको थियो । २०४५ को कार्तिकमा यिनको पूर्ण परिचय खुल्यो ।

केही समय संयुक्त रूपमा सञ्चालित बर्दियाको सचिव गोबिन्द कोइरालालाई बनाएर, २०३९ मा म बाँकेको सचिव भएँ । बाँकेमा दीवाकर शर्मा, सिबी ठकुरी, रोमहर्ष धिताल, बद्री कोइराला, अशोक कोइराला, बालकृष्ण पौडेल, मिलन सापकोटा, तारा घिमिरे, लक्ष्मी बिसी, श्रीधर दोरङ्गा, सियाराम, प्रकाश आचार्य, शीला आचार्य र कुलबहादुर आचार्यहरू सम्पर्कमा रहेका थिए। हरिबहादुर बिसीको घर भरपर्दो सेल्टर थियो । त्यहाँ किसान, विद्यार्थी, कर्मचारीहरू सङ्गठित भएका थिए। खुला रहेर राप्ती र भेरीमा कुलबहादुर आचार्यको अति गोप्य सञ्चारमा ठुलो योगदान थियो। २०३५ सालमा सुमित्रा बिसी अर्धभूमिगत भएपछि बाँके–बर्दिया संयुक्त इलाकाको सचिव भएर सङ्गठन विस्तार भएको हो ।

ऋषि देवकोटा ‘आजाद’ को हत्यापछि बालबच्चा सहित गोमा देवकोटा भूमिगत हुनु भएर केही समय मेरो कार्यक्षेत्र नेपालगञ्ज बसेर पछि अन्तै जानु भएको थियो। बाँकेबाट हामीले ‘मितेरी’ पत्रिका प्रकाशन गरेका थियौँ।

२०४१ साल वैशाख १८ गते मैले दाङदेउखुरीको सचिवको जिम्मेवारी लिएँ। दाङ उत्साही कम्युनिस्टको भूमि थियो । हामीले सयौ साथीहरूमा प्रशिक्षणहरू चलायौँ। मित्र सङ्गठनका साथीहरूसँग वार्ता गरियो । नेत्रलाल पौडेल, लक्ष्मण ज्ञवाली, भक्तिराम ज्ञवाली, मेघबहादुर बस्नेत, फर्साराम देवकोटा, सेनराज शाहा, शिवराज गौतम, शम्भु गौतम, दामोदर अधिकारी, जङ्गबहादुर, मेनका पोखरेल, पदम शर्मा र छवि ओलीहरू मेरा सम्झनामा छन् । त्यहाँ रहेको रामप्रसाद प्रदीपको प्रेसबाट २०४१ मा मेरो ‘सर्वहारा वर्गका असल मित्रलाई चिनौँ’ नामक पुस्तिका प्रकाशन भएको थियो। म दाङमा आवाजाही र सचिवभएर भूमिगत हुँदा अधिकांश आश्रयदाताहरूमा पुगेँ।

त्यता रहँदा सुनेका भेटेका नामहरूमा लक्ष्मी ज्ञवाली, यज्ञ वास्तोला र हरि सापकोटा पनि हुन् । पछि सबै यथास्थानमा फर्कियौँ ।

जनप्रिय नेता साहित्यकार नेत्रलाल पौडेलको एकान्त जङ्गलमा हृदयघातले निधन भयो। भूमिगत नेता नेत्रलाल पौडेल बसेको सेल्टरबाट केन्द्रमा जाँदा नपुगेपछि केही दिनमा खोजी सुरु भयो। हिडेको ठाउँबाट पछयाउदै जाँदा उहाँको थरीकोटको फेदी देउखुरीको चौलाहीमा पर्ने सुकेखोलाको किनारमा हृदयगति बन्द भएर निधनभएको ठहर भयो। उहाँको अस्थि अवशेष (खप्पर) भेटेर भूमिगत रूपमै १२ पुष २०४१ को राती १० बजे धर्ना गाउँ नजिक बबई नदी किनारमा शोकाकूल ६५ जना साथीहरूका बीच दाहसंस्कार गरिएको थियो। त्यही पुषमा नेकपा (माले ) केन्द्रले श्रीमति विष्णु पौडेललाई समवेदना पत्र पठाएको थियो।

२०४२साउन ३ गते दाङ र सुदूरपश्चिमबाट सरेर २०४२ साउन २५ गते लुम्बिनी अञ्चल कमिटी नेकपा (माले) मा सङ्गठित भएँ। २०४२ असोज ६ गते देखि २०४४ सम्म नेकपा (माले) नवलपरासी जिल्ला कमिटी सचिव भएँ। नवलपरासी असमान गण्डक सम्झौता भएको, भूमिसुधारका क्रममा भएको जुलुसमा गोली चलेको, सुकुम्वासीहरूलाई गोली हानिएको जिल्ला थियो।

२०२७ मा पनि मेरो कामको क्षेत्र थियो यो जिल्ला। २०२८ सालमा यसलाई ४ नं. इलाका कायम गरेर गोपाल भट्टराई, मदन पौडेल, केबी पुन, रामप्रसाद प्रदीपलाई खटाइएको थियो। राजमार्ग निर्माणका मजदुरमा सङ्गठन बनाएका थियौ। पुष्पकाल काल र कोके कालमा पनि काम गरेकाले ठिकै जान पहिचान थियो। गोपाल शाक्य फरक मत राखेकाले निष्काशनमा परेको अवस्था थियो। पार्टीलाई जनआन्दोलनको लयमा पुनर्जागृत गराउने दायित्व थियो।

नेकपा मालेले २०४३ को आम चुनावलाई जनपक्षीयहरूलाई भित्र पठाएर पञ्चायतको भण्डाफोर र हस्तक्षेपको नीति लियो। सङ्गठनलाई जनपक्षीय प्रचार समितिको रूपमा परिणत गरेर मतदातालाई कम्युनिस्टको नजिक ल्याउने नीति लिएर चन्द्रमणि खराललाई जनपक्षीय रापंस उम्मेदवार बनाइयो। यसरी पार्टीलाई जनतामाझ पुग्न र जनविरोधीलाई उदाङ्गो बनाउँदै जनमत तान्ने काम गरियो। जनपक्षीय उम्मेदवारले लगभग दशहजार मत ल्याएर नवलपरासीमा नेकपा (माले) को हैसियत बढाउने काम गरिएको थियो। किसान, महिला, विद्यार्थी, बुद्धिजीवीको उत्साह हेर्न लायकको थियो। हामीले प्रचारमा गीत भजन लेख्ने, गाउने, सांस्कृतिक गतिविधि चलाएका थियौँ। धेरै आश्रयदाताहरूले पार्टी र हामीलाई प्रतिबन्धित कालभरि संरक्षण गरेका हुन्।

२०४६ सालको आन्दोलनको नेतृत्वका लागि देवेन्द्र घिमिरेलाई सचिवको रूपमा रूपन्देही ल्याइयो।

रूपन्देहीमा कम्युनिस्ट, काङ्ग्रेस र अरू आन्दोलनकारी गरेर २०१७ सालदेखि २०४६ सालसम्म ९५ जना राजनीतिकर्मीहरू विभिन्न अभियोगमा जेल परेका थिए। त्यस्तै कैयौ जना वारेन्टेड थिए।

**सम्मेलन–महाधिवेशनमा सहभागिता**

नेकपा (पुष्पलाल) द्वारा आयोजित तेस्रो सम्मेलन र चौथो सम्मेलनपछि म त्यस समूहमा रहिनँ। २०३५ पुसको नेकपा (माले) गठन गर्ने सम्मेलनमा प्रतिनिधि जाने समय आयो। मैले त्याग गरेँ र सिद्धिनाथ ज्ञवालीलाई पठाएँ। २०३७ देखि २०४८ सम्मका १० वर्षमा भएका केन्द्रीय भेला तथा महाधिवेशनमा भने अटुट रूपमा प्रतिनिधि भएर सहभागी रहँदै आएको छु। केन्द्रीय स्तरकै कार्यक्रम पनि त्यति बेला तुल ब्यानर र विज्ञापनबिना अत्यन्त गुप्त र सतर्क एवम् अनुशासित ढङ्गले अनेक सम्पर्क हुँदै ठाउँमा पुग्नु सुरक्षाको खास शैली थियो।

२०४६ पूर्वको अवस्थाले खुला गतिविधि गर्न सकिदैनथ्यो। धेरै जसो सङ्गठनहरूमा पुराना र खारिएकाहरू पटक–पटक चुनिने गर्थे। सुविधारहित कष्टसाध्य काम गर्नु पर्ने हुँदा कमिटीको सचिव बनाउन कर समेत गर्नु पर्थ्यो। चौथो महाधिवेशन पूर्व राष्ट्रिय तहमा तीनवटा कार्यकर्ता भेला कार्यक्रम भएका थिए, जसमा सिराहाको विस्तारित बैठकमा लुम्बिनीबाट भाग लिएको थिएँ।

तराईबासी किसान बस्तीमा देशभरिबाट आएका नेकपा (माले)का ऊर्जावान कार्यकर्ताको उपस्थिति थियो। राधा ज्ञवाली त्यहाँ पूर्णकालिक हुनुहुन्थ्यो र म लगायतका सहभागीहरूलाई जया घिमिरेले सेल्टरदेखि सडकसम्म पुऱ्याउनु भएको थियो।

२०४० मा भने सुदूरपश्चिमको कार्यक्षेत्रबाट पोखरा विस्तारित बैठक हुने बेगनास गोकर्ण तिवारीका घरमा अँध्यारोमा घन्टौ लगाएर पुग्नु परेको थियो। बाहिर रेखदेखमा बस्नेहरूको मनको त्रासकै बीच बैठक सम्पन्न भएको थियो। २०३९ का सीपी मैनाली प्रकरणपछि उनले गरेका सबै गतिविधिलाई उदाङ्गो पार्ने, गल्ती स्वीकार्ने, पश्चात्ताप गराउने, सुधार्ने सवालमा निकै प्रयास भए। सबुद प्रमाण सहित उनलाई आत्मालोचना गर्न पटक–पटक गरिएका अनुरोधलाई अटेरीको नमुनाको रूपमा लिए। उनलाई महासचिवबाट हटाएको अनुमोदन, केन्द्रीय सदस्यबाट झार्ने र सीपीले मागेकै ठाउँ भारतको जिम्मेवार बनाएर पठाइयो।

दोस्रो विस्तारित भेला २०४४ झापामा भएको थियो। मचाहिँ लुम्बिनी अञ्चलबाट सिधै काकडभिट्टा पुगेर, फेरि लोकलबस तथा पैदल यात्राबाट बैठकस्थल

धरमपुर– ५ का देवीप्रसाद रेग्मीका घरसम्म पुगेको थिएँ। काठमाडौँकी अष्टलक्ष्मी शाक्य त्यतिबेला झापामा कार्यरत हुनुन्थ्यो। कार्यकमपछि जनपक्षीय प्रधानपञ्चकहाँ बस्दै फर्किने क्रममा धनुषाका रामलखन महतोको घरमा दुई–तीन दिन बसेरसँगै लुम्बिनी फर्केको थिएँ। यिनै रामलखनको नवलपरासीमा पार्टी कामकै दौरान मानसिक सन्तुलन बिग्रेको थियो र उपचारका लागि मैले काठमाडौँसम्म ल्याउने काम गरेको थिएँ।

चौथो महाधिवेशनको तयारी अत्यन्त गोप्य ढङ्गले सुरु भएको थियो। यस अघि नै म आफ्नै गृहजिल्ला रूपन्देहीमा फर्किसकेको थिएँ। २०४५ चैत्रमा आर्थिक सङ्कलनदेखि दस्तावेज अध्ययन र प्रतिनिधि छान्ने काम गरिएको थियो। रूपन्देहीमा २०२४ देखि ४३७ जना कार्यकर्ता भएर पनि पार्टी सदस्यहरूको सङ्ख्या भने निकै कम थियो। भूमिगत र पूर्णकालिकले मात्र सदस्यता पाएका थिए नेकपा (माले) मा। २०४५ चैत १५ गते पहिलो ८ जनाको टोलीले देवेन्द्र घिमिरे, वेदुराम भुसाल, रामचन्द्र आचार्य, दील साहनी, ऋद्धि प्याकुरेल, उदय र कृष्ण पौडेलमध्येबाट देवेन्द्र घिमिरेलाई महाधिवेशन प्रतिनिधि पठाएको थियो। दोस्रो पाँच जनाको टोलीले भीमनारायण थारु, पूर्णप्रकाश सुवेदी, शिवराज न्यौपाने, आत्माराम पौडेल र हरि मध्येबाट भीमनारायण थारुलाई प्रतिनिधि चुनेको थियो। हिड्ने तिथि २०४६ भदौ १३ थियो। राती मिर्चैया उत्रियो। निष्पट्ट अँध्यारो थियो। बढी हलचल गर्दा पुलिसले चाल पाउने हुँदा निरन्तर सतर्कता जरुरी थियो। धेरैबेर पछि सम्पर्क गर्न साथी आइपुग्नु भयो। साथीले कटारीको बाटो अँध्यारामै उत्तरतिर पैदल यात्रा सुरु गराउनु भयो। बाटोमै खाना पकाउन लगाएर खायौँ र फेरि अगाडि हिडियो। पाखोपखेरो र खोल्सीहरू हुँदै बेलुका अँध्यारोमा महाधिवेशन क्षेत्रमा पुगियो, सरकारी तथा अरू सबैखाले झोसपोल गर्नेहरूको आँखा छलेर। सिराहा जिल्लाको सर्रे आम्बासमा कमरेड हीराबहादुर सुनुवारको जमिनमा बनाइएको सिंगो महाधिवेशन सञ्चालन हुनसक्ने नयाँ घरमा पुगियो। २०४६ भदौमा सम्पन्न नेकपा (माले) द्वारा आयोजित नेकपाको चौथो महाधिवेशनका विशेषताहरू थिए– ऊर्जावान नेता मदन भण्डारी महासचिवको रूपमा आउनु, पार्टीको कार्यक्रम र कार्यनीति व्यवस्थित हुनु, मार्गदर्शक सिद्धान्त मार्क्सवाद– लेनिनवाद मात्र रहनु, बहुलवाद स्वीकार्नु र पञ्चायत ढाल्ने सङ्घर्षमा अन्य राजनीतिक शक्तिहरूसँग मिलेर जाने नीति अख्तियार गर्नु।

कतिपय सुझावहरू चौथो महाधिवशनमै स्थापित नभएता पनि दूरगामी महत्त्वका साबित हुन पुगे। स्वतन्त्र निर्वाचन गराउन जे सुकै तर्कले टारे पनि ठीक हुन सक्ने कुरा होइन। माथिबाट प्रत्यक्ष वा परोक्ष लिस्ट पेश गरेर वा आँखा देखाएर नेता हुने निर्वाचन पद्धतिलाई जनवादी मान्न सकिँदैन। मैले यो पद्धतिलाई 'राता आँखे जनवाद'

भन्न सकिने सुझाव राखेको थिएँ। महाधिवेशनको लगत्तै पाल्पा मदनपोखरामा गोप्य रूपमा सञ्चालित लुम्बिनी अञ्चल पार्टी सम्मेलनमा आउनुभएका मोहासचिव मदन भण्डारीले पार्टीभित्रको निर्वाचन प्रणालीबारे निकै रुचि लिएर कुराकानी गर्नु भएको थियो। २०४५ सालमा पुनः म रूपन्देही जिल्ला सचिव थिएँ। यसैगरी २०४५ देखि २०४६ सालको जनआन्दोलनमा नेकपा (माले) रूपन्देहीको संयोजक तथा लुम्बिनी अञ्चल जनआन्दोलन सङ्घर्ष समितिका सदस्य भई आन्दोलनको अगुवाइ गरेको थिएँ।

२०४६ चैत २६–२७ मा जनआन्दोलनले राजालाई बहुदल घोषण गर्न लगाएर सम्पन्न भएपछि म २० वर्षको भूमिगत जीवनपछि २०४७ वैशाख १३ गते बुटवलबाट सार्वजनिक भएको थिएँ। त्यसै सभाबाट सिद्धिनाथ ज्ञवाली, मोदनाथ प्रश्रित, जीवराज आश्रित, वामदेव गौतम र भीमनारायण थारु पनि सार्वजनिक हुनुभएको थियो। विजयकुमार पौडेलको कार्यकालमा ‘रूपन्देही कम्युनिस्ट आन्दोलका पचास वर्षहरू’ हामीले इतिहास लेखन प्रकाशनको काम गरियो। यहाँका सेल्टरदातालाई सम्मान गरिएको थियो। भूमिगत रहने क्रममा टिपोट गरेका सम्झेका स्मृतिहरूलाई लिपिबद्ध गरेर २०५९ मंसिरमा ‘भूमिगत यात्राका २० वर्षहरू’ १९० पृष्ठको पुस्तक प्रकाशन भयो।

प्रतिबन्धित कालमा भूमिगत आश्रय प्रदान गरेर संरक्षण दिएका वामखेमाका मित्रहरूको पुच्छरे भेदभाव बिनाको पुनर्मिलन १० जना साथीहरूले २०७० मा थाल्यौँ। यसरी २०७३ मा २००९ सालदेखि २०३० सालसम्मका साथीहरूको तस्बिरसमेतको चिनारी ‘रूपन्देहीका योद्धाहरूको इतिवृत्त– १’ प्रकाशन गऱ्यौँ। भूमिगत रहेर पार्टी सञ्चालनका दौरान मलाई लेख्नुभएका पत्रहरू ‘आश्रितका चिठी देवेन्द्र घिमिरेलाई’ नामक पुस्तक आश्रित प्रतिष्ठानले यही २०८० मा प्रकाशन गरेको छ।

## निष्कर्ष र अनुभूति

भूमिगत अवस्थामै प्रधान अन्तरविरोध लगायत निर्क्यौल गर्ने वैचारिक बहस बैठक आयोजना गरिए। केन्द्रीय भेलाहरू र चौथो महाधिवेशन भूमिगत सेल्टरमै सम्पन्न भयो। भूमिगत यात्रा अनेक घुम्ती, आरोह– अवरोहयुक्त थियो। भूमिगत कालसम्म पार्टीलाई विजातीय प्रवृत्तिबाट जोगाएको कुरालाई निरन्तरता दिनु जरुरी थियो। सेवालाई लाभमा खसाल्ने गैर–कम्युनिस्ट नीति र प्रवृत्तिलाई अन्तरशुद्धीकरणमार्फत अगाडि बढाइरहनु पर्थ्यो। सङ्गठनलाई चुस्त, स्वस्थ आलोचना र आत्मालोचनाको प्राणवायुको आवागमनलाई जीवन्त राख्न चुक्न हुँदैनथ्यो।

मदन भण्डारी र जीवराज आश्रितका विचार र साङ्गठनिक ढाँचाले भूमिगत कालको नेकपा (माले) ले जननीतिको पदावली भनौँ, त्यसखाले भाष्य निर्माण गरेको थियो। यसले जनअनुमोदित बलियो र अनुशासित पार्टी बनेको थियो। यो जननीति जनबैरीलाई असैह्य भएर यसलाई हटाउन यसका प्रतिपादक मदन–आश्रितलाई हटाए कि त ? मेरा मनमा अनुत्तरित प्रश्न बनेर रहेको छ !

कम्युनिस्ट पार्टी सामूहिकतामा रूपान्तरित भएर मात्र जीवित रहने र श्रमजीवी वर्गको विश्वास आर्जन गर्न सक्ने कुरालाई खण्डित गरियो भने सारमा कम्युनिस्ट पार्टी पुँजीवादी कित्तामा फेरिने कुरा रोक्न सकिन्न। कम्युनिस्ट पार्टी हुन सधैँ राम्रा श्रमजीवी न्यायप्रेमीजनको विश्वास हासिल गरिरहनुको गहिरो अर्थ छ। ●